कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान
कर्णाली प्रदेश नेपाल

आज मिती २०८०।०३।१० गते आइतबारका दिन यस कपुरकोट गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशनको पहिलो बैठक गाउँ सभाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा वसी देहाय बमोजिको उपस्थितीमा तपसिल बमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | सभाध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | उपाध्यक्ष | |
| ३ | श्री भरत कुमार वली | सचिव | |
| ४ | श्री बालाराम खड्का | सदस्य | |
| ५ | श्री इश्वर बुढा | सदस्य | |
| ६ | श्री प्रदिप खड्का | सदस्य | |
| ७ | श्री मित्रलाल कठायत | सदस्य | |
| ८ | श्री होम बहादुर खड्का | सदस्य | |
| ९ | श्री श्यामकृष्ण बोहोरा | सदस्य | |
| १० | श्री राधिका यरी | सदस्य | राधिका |
| ११ | श्री अनिता पुन | सदस्य | |
| १२ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १३ | श्री विमल कामी | सदस्य | |
| १४ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १५ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १६ | श्री भिम बहादुर घर्ती | सदस्य | भीम ब. |

| | | | |
|---|---|---|---|
| १७ | श्री झुपसिंह राना | सदस्य | |
| १८ | श्री झक्कु प्रसाद सिरिस | सदस्य | |
| १९ | श्री चन्द्रलाल वली | सदस्य | |
| २० | श्री दिलसरी पुन | सदस्य | |
| २१ | श्री हरिकला सुनार | सदस्य | |
| २२ | श्री टेक बहादुर पुन | सदस्य | |
| २३ | श्री निमा कुमारी सुनार | सदस्य | |
| २४ | श्री तिलक बहादुर सिंह ठकुरी | सदस्य | |
| २५ | श्री रेशम चन्द्र ठकुरी | सदस्य | |
| २६ | श्री मंगली वि.क. | सदस्य | |
| २७ | श्री होम कुमारी बुढामगर | सदस्य | |
| २८ | श्री दिपक पुन | सदस्य | |
| २९ | श्री प्रताप सिंह कवर | सदस्य | |
| ३० | श्री अमर बहादुर राना | सदस्य | |
| ३१ | श्री टिका नेपाली | सदस्य | |
| ३२ | श्री रामकली दमाई | सदस्य | |
| ३३ | श्री पूर्ण सिंह बोहोरा | सदस्य | |
| ३४ | श्री गंगाराम महतारा | सदस्य | |
| ३५ | श्री शान्ती राना | सदस्य | |

| क्र.सं. | कर्मचारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मोहन खड्का | अधिकृत स्तर सातौं | [signature] |
| २ | शेरबहादुर के.सी. | सहायक स्तर पाँचौं | [signature] |
| ३ | जीवराज खत्री | नायब सुब्बा | [signature] |
| ४ | सुजन हमाल | प्रा. सा. | [signature] |
| ५ | ईश्वर पुन मगर | MIS operator | [signature] |
| ६ | यमराज थापा | रोजगार सहायक | [signature] |
| ७ | सुवास हमाल | जा. शाखा प्रमुख | [signature] |
| ८ | देवेन्द्र कुमार सेन | स्वा. चौ. प्रमुख | [signature] |
| ९ | विष्णु प्रसाद आचार्य | लेखा प्र. | [signature] |
| १० | हुकुम बली | अ०हे०व० | [signature] |
| ११ | जीवन देवकोटा | अ.हे.व | [signature] |
| १२ | अनिता सार्की | क.अ. | [signature] |
| १३ | विपना कुवर मगर | सो. मि. | [signature] |
| १४ | अपेक्षा दाहाल | श्रमरोज कार्यक्रम संयोजक | [signature] |
| १५ | अरुण भण्डारी | प.स्वा.प्र. | [signature] |
| १६ | हिरा कुमारी ओली | स.म.वि.नि. | [signature] |
| १७ | बालकुमारी कुवर पुन | प्रारम्भिक विकास सहजकर्ता | [signature] |
| १८ | रिका कुमारी राई | प्रा. स. | [signature] |
| १९ | मुना कुवर मगर | ना. प्रा. स. | [signature] |
| २० | दिपा सेन | पोषण स्वयंसेवक | [signature] |
| २१ | जसुता सिंह | सि. अ. न. मी | [signature] |
| २२ | होतराम बली | का. स. | [signature] |
| २३ | विरबहादुर चौधरी | ,, ,, | [signature] |
| २४ | देवा बुढाथोकी | ,, ,, | [signature] |
| २५ | मान बहादुर राना | ,, ,, | [signature] |
| २६ | तारा देवी सेन | ,, ,, | [signature] |
| २७ | गजेन्द्र के.सी. | फिल्ड सहायक | [signature] |
| २८ | भुपेन्द्र भण्डारी | सु. पु. अ | [signature] |
| २९ | केशर सिं खड्का | को. जे. | [signature] |
| ३० | डिल्ली बली | गा.ऊर्जा.सई. (?) | [signature] |
| ३१ | खड्गेश्वर थापा | गा. प्र. हवल्दार | [signature] |
| ३२ | निम बहादुर रेउले | गा. प्र. जवान | [signature] |
| ३३ | दुर्गा कामी | ,, ,, | [signature] |
| ३४ | दीपजंग थापा | एम्बुलेन्स चालक | [signature] |
| ३५ | बालिका सेन | को. जे. | [signature] |
| ३६ | रमेश कुमार आचार्य | प्र. सा. | [signature] |
| ३७ | खगेन्द्र बहादुर शाही | प्र. अधिकृत | [signature] |
| ३८ | लिलामणि देवकोटा | अ. हे. व | [signature] |
| ३९ | युवराज रोका | [illegible] | [signature] |
| ४० | प्रकाश कुवामगर | अ०स० ई० | [signature] |
| ४१ | भावना पन्त | अ०न० मि | [signature] |
| ४२ | प्रविना शाह | ,, | [signature] |

| | | | |
|---|---|---|---|
| ४३ | अमृत बाबु बुढाथोकी | कार्यक्रम संयोजक | रेडियो राप्ती [signature] |
| ४४ | बुद्धि पुन | समाचार प्रमुख, राप्ती एफ.एम | [signature] |
| ४५ | चुडामणि पुन | संपादक ([illegible]) | [signature] |
| ४६ | रत्ननाथ घर्ती | कार्यकारी प्रमुख रेडियो कपुरकोट | [signature] |
| ४७ | राकेश धिताल | रा. अनुसन्धान जिल्ला कार्यालय सल्यान | [signature] |
| ४८ | खड्ग के.सी. | अध्यक्ष साविक ८० महादेव | [signature] |
| ४९ | कुमार सिं डाँगी | कार्यालय सहयोगी | [signature] |
| ५० | आमादेवी बुढाथोकी | ॥ ॥ | [signature] |
| ५१ | मानक बहादुर रोका | ॥ ॥ | [signature] |
| ५२ | संगम पुन | गाउँ प्रहरी जवान | [signature] |
| ५३ | कुमार सिं डि.सी. | का.स. | [signature] |
| ५४ | | | |
| ५५ | | | |
| ५६ | | | |
| ५७ | | | |
| ५८ | | | |
| ५९ | | | |
| ६० | | | |
| ६१ | | | |
| ६२ | | | |
| ६३ | | | |
| ६४ | | | |
| ६५ | | | |
| ६६ | | | |
| ६७ | | | |
| ६८ | | | |
| ६९ | | | |
| ७० | | | |
| ७१ | | | |
| ७२ | | | |
| ७३ | | | |
| ७४ | | | |
| ७५ | | | |
| ७६ | | | |
| ७७ | | | |
| ७८ | | | |
| ७९ | | | |
| ८० | | | |

**कपुरकोट गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनको पहिलो बैठक(२०८०।०३।१०)का कार्यसूचिहरु:**

१.आ. व २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रम सभामा पेश गर्ने ।

२. आ .व २०८०।८१ को बार्षिक बजेट तथा कार्यक्रम सभामा पेश गर्ने ।

३. बिभिन्न बिधेयकहरु सभामा पेश गर्ने ।

३. बिबिध ।

**कपुरकोट गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनको पहिलो बैठक(२०८०।०३।१०)का निर्णयहरु:**

1. गाउँसभाका अध्यक्ष दुर्गा बहादुर पुनबाट सभामा पेश भएको कपुरकोट गाउँपालिकाको आ .व २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रम सभामा छलफल गरि संशोधन सहित सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।
2. गाउँसभामा उपाध्यक्ष प्रकाश भरारीबाट सभामा पेश भएको आ .व २०८०।८१ को बार्षिक बजेट तथा कार्यक्रम, विनियोजन विधेयक २०८० र अर्थ सम्बन्धि प्रस्ताव कार्यान्वयन गर्ने बिधेयक २०८० दफावार छलफलका लागि पेश गर्नुका साथै अर्को बैठकमा निर्णयार्थ छलफल गर्ने निर्णय गरियो।
3. बिधेयक समिति संयोजक मित्र[illegible] कठायतबाट सभामा पेश भएका कृषी विधेयक २०८०,शिक्षा नियमावली विधेयक २०८० र खरिद नियमावली विधेयक २०८० दफावार छलफल गरि अर्को बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।
4. गाउँ अधिवेशनको अर्को बैठक मिति २०८०।०३।१८ गते अपराह्न १२ बजे बस्ने गरि आजको बैठक स्थगित गरियो।

आज मिती २०८०।०३।१८ गते सोमबारका दिन यस कपुरकोट गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशनको दोस्रो बैठक गाउँ सभाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा वसी देहाय बमोजिको उपस्थितीमा तपसिल बमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | सभाध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | उपाध्यक्ष | |
| ३ | श्री भरत कुमार वली | सचिव | |
| ४ | श्री बालाराम खड्का | सदस्य | |
| ५ | श्री इश्वर बुढा | सदस्य | |
| ६ | श्री प्रदिप खड्का | सदस्य | |
| ७ | श्री मित्रलाल कठायत | सदस्य | |
| ८ | श्री होम बहादुर खड्का | सदस्य | |
| ९ | श्री श्यामकृष्ण बोहोरा | सदस्य | |
| १० | श्री राधिका यरी | सदस्य | |
| ११ | श्री अनिता पुन | सदस्य | |
| १२ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १३ | श्री विमल कामी | सदस्य | |
| १४ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १५ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १६ | श्री भिम बहादुर घर्ती | सदस्य | |

| | | | |
|---|---|---|---|
| १७ | श्री झुपसिंह राना | सदस्य | |
| १८ | श्री झक्कु प्रसाद सिंरिस | सदस्य | |
| १९ | श्री चन्द्रलाल वली | सदस्य | |
| २० | श्री दिलसरी पुन | सदस्य | |
| २१ | श्री हरिकला सुनार | सदस्य | |
| २२ | श्री टेक बहादुर पुन | सदस्य | |
| २३ | श्री निमा कुमारी सुनार | सदस्य | |
| २४ | श्री तिलक बहादुर सिंह ठकुरी | सदस्य | |
| २५ | श्री रेशंम चन्द्र ठकुरी | सदस्य | |
| २६ | श्री मंगली वि.क. | सदस्य | |
| २७ | श्री होम कुमारी बुढामगर | सदस्य | |
| २८ | श्री दिपक पुन | सदस्य | |
| २९ | श्री प्रताप सिंह कवर | सदस्य | |
| ३० | श्री अमर बहादुर राना | सदस्य | |
| ३१ | श्री टिका नेपाली | सदस्य | |
| ३२ | श्री रामकली दमाई | सदस्य | |
| ३३ | श्री पूर्ण सिंह बोहोरा | सदस्य | |
| ३४ | श्री गंगाराम महतारा | सदस्य | |
| ३५ | श्री शान्ती राना | सदस्य | |

| | कर्मचारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मोहन खड्का | सामाजिक विकास शाखा प्रमुख | |
| २ | श्री खगेन्द्र बहादुर शाही | प्रशासन / योजना शाखा प्रमुख | |
| ३ | श्री जीवराज खत्री | ना.सु. | |
| ४ | श्री ईश्वर पुन मगर | एम.आई.एस. अपरेटर | |
| ५ | श्री यमराज थापा | रोजगार सहायक | |
| ६ | श्री लोकेन्द्र कार्की | फिल्ड सहायक | |
| ७ | श्री रमेश कुमार आचार्य | प्रो. सि. | |
| ८ | प्रतीक्षा भण्डारी | खि. अ. | |
| ९ | विपना बुढामगर | रोजगार संयोजक | |
| १० | बालकुमारी पुन | उद्यम विकास सहजकर्ता | |
| ११ | सुमन रिजाल | प्रा. सा | |
| १२ | प्रवित शाह | अ. सु. ई. | |
| १३ | युवराज रेग्मी | स. ई. | |
| १४ | भावना पन्त | अ. स. ई | |
| १५ | डिल्ली वली | गाउँ प्रहरी बल प्रमुख | |
| १६ | सोमदेव के.सी. | जिन्सी शाखा प्रमुख | |
| १७ | अनिता सौंखी | के. अ. | |
| १८ | हुकुम वली | आ. ले. प. | |
| १९ | भानुभक्त भण्डारी | सूचना प्रविधि अधिकृत | |
| २० | विष्णु प्रसाद आचार्य | लेखापाल / आ. प्र. शा. | |
| २१ | अपेक्षा दाहाल | कार्यक्रम संयोजक | |
| २२ | अरुणा भण्डारी | प. स्वा. से. | |
| २३ | सुविधा रिजाल | (स्त्री) शाखा प्रमुख | |
| २४ | हिरा कुमारी अर्याल | स. म. वि. नि | |
| २५ | दिपा सेन | पोषण स्वयंसेवक | |
| २६ | दुर्गा कामी | गाउँ प्रहरी जवान | |
| २७ | लीलामणि देवकोटा | अ. न. ई | |
| २८ | कुमार सिं डि. सी. | का. स | |
| २९ | देवा कुवाखोरी | का. स | |

| | | | |
|---|---|---|---|
| ३० | मायादेवी बुढाथोकी | (जा.स) | [signature] |
| ३१ | आकाक्षा बुढा मगर | (जा.स) | [signature] |
| ३२ | मसुता सिंह | कि. अ. न. मी. | [signature] |
| ३३ | [illegible] राई | कृषि शाखा प्रमुख | [signature] |
| ३४ | मुना बुढा मगर | ना.प्रा.स. | [signature] |
| ३५ | लक्ष्मण बुढा मगर | (का.स) | [signature] |
| ३६ | चानक रोका | सरसफाई | [signature] |
| ३७ | होतराम वली | का.स | [signature] |
| ३८ | बिर ब. चौधरी | का.स | [signature] |
| ३९ | केशर सिं खड्का | की. जे. | [signature] |
| ४० | प्रेम बहादुर राना | का.स. | [signature] |
| ४१ | तारा देवी सेन | " " | [signature] |
| ४२ | चुडामणि पुन | पत्रकार | [signature] |
| ४३ | खगेश्वर थापा | हलदिवा (गा.पा.) | |
| ४४ | रमेश व. टेली | जनता " | |
| ४५ | संगम पुन | जनता " | |
| ४६ | | | |
| ४७ | | | |
| ४८ | | | |
| ४९ | | | |
| ५० | | | |
| ५१ | | | |
| ५२ | | | |
| ५३ | | | |
| ५४ | | | |
| ५५ | | | |
| ५६ | | | |
| ५७ | | | |
| ५८ | | | |
| ५९ | | | |

**कपुरकोट गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनको दोस्रो बैठक(२०८०।०३।१८)का कार्यसूचिहरु:**

१.आ.व २०८०।८१ को बजेट तथा कार्यक्रम माथि छलफल गरि निर्णयार्थ पेश गर्ने ।

२.विनियोजन विधेयक २०८० माथि छलफल गरि निर्णयार्थ पेश गर्ने

३.अर्थ सम्बन्धि प्रस्ताव कार्यान्वयन गर्ने बिधेयक २०८० माथि छलफल गरि निर्णयार्थ पेश गर्ने ।

४.शिक्षा नियमावली विधेयक २०८० माथि छलफल गरि निर्णयार्थ पेश गर्ने ।

५.कृषी विधेयक २०८० माथि छलफल गरि निर्णयाथ पेश गर्ने ।

६.खरिद नियमावली विधेयक २०८० माथि छलफल गरि निर्णयार्थ पेश गर्ने ।

७. अर्थ तथा सार्वजनिक लेखा समितिको बेरुजु फच्यौंट सम्बन्धी प्रतिवेदन छलफल गरि निर्णयार्थ पेश गर्ने ।

८. करार कर्मचारीहरुको म्याद थप र पारिश्रमिक सम्बन्धमा ।

९. विद्यालयमा नियुक्त गरिएका (पालिका अनुदान) शिक्षक तथा कर्मचारी हस्तान्तरण सम्बन्धमा ।

१०. भुक्तानी बाँकी रहन गएको रकम आगामी आ.व को दायित्वमा सार्ने सम्बन्धमा ।

११. हाल सम्मको आय व्यय सम्बन्धमा ।

१२.आ.व २०८०।८१ को कर्मचारीहरुको तलवी प्रतिबेदन सम्बन्धमा ।

१३. विविध ।

- विपद प्रतिकार्य तयारी सम्बन्धमा ।
- रासी राजमार्ग र कपुरकोट कोईला सडकको स्तरोन्नति सम्बन्धमा ।
- प्रादेशिक विषादी परिक्षण प्रयोगशाला संचालन सम्बन्धमा ।
- न्यूनतम समर्थन मुल्यकोषमा प्रदेश र संघिय सरकारबाट रकम माग सम्बन्धमा।
- रासायनिक मलखादको कोटा सम्बन्धमा ।
- प्रहरीचौकीलाई ईलाका प्रहरी कार्यालयका रुपमा स्तरवृद्दि गर्न आवश्यक पुर्वाधार सम्बन्धमा ।
- जग्गाको मुल्यांकन हेरफेर सम्वन्धमा ।
- कपुरकोट जागरण अभियान सम्बन्धमा ।
- गाउँसभा मातहतका निकायहरुका हालसम्मका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
- धन्यबाद तथा प्रतिबद्दता सम्बन्धमा ।

दुर्गा बहादुर पुन
गाउँपालिका अध्यक्ष

Date |

Page |

**कपुरकोट गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनको दोस्रो बैठक(२०८०।०३।१८)का निर्णयहरु:**

१. गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक प्रकाश भरारीले प्रस्तुत गर्नु भएको कपुरकोट गाउँपालिकाको आ.ब २०८०/८१ को आयब्ययको अनुमान सहितको बार्षिक वजेट तथा कार्यक्रम(**अनुसुचि १**), अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्ने विधेयक २०८० (**अनुसुचि २**) र विनियोजन बिधेयक २०८० (**अनुसुचि ३**) मा दफावार छलफल गरि निर्णयार्थ पेश गरिएकोमा संशोधन सहित सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

२. विधेयक समितिका संयोजक मित्रलाल कठायतले प्रस्तुत गर्नु भएको खरिद नियमावली विधेयक २०८०,कृषि विधेयक २०८० र शिक्षा नियमावली विधेयक २०८० लाई सभामा दफावार रुपमा छलफल पश्चात निर्णयार्थ पेश गरिएकोमा सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

३. अर्थ तथा सार्वजनिक लेखा समितिको बेरुजु फर्च्यौट सम्वन्धी प्रतिवेदन (**अनुसुचि ४**) सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

४. यस पालिकामा कार्यरत करार कर्मचारीहरुले करार सेवालाई निरन्तता दिन इच्छुक भइ करार म्याद थपका लागि मिति २०८० असार मसान्त सम्ममा निवेदन पेश गरेमा गाउँपालिकामा हस्तान्तरित कार्यक्रमहरुमा करार सेवामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको हकमा ,सोही कार्यक्रमको शर्तमा उल्लेख गरिएको अबधि सम्मको लागि र बाँकी सबै करार कर्मचारीहरुको करारनामा म्याद हाललाई ६ महिना( २०८० पौष मसान्त सम्म)अवधीका लागि थप गर्ने निर्णय गरियो ।

५. करार सेवामा कार्यरत कर्मचारीहरुको आ.व २०८०।८१ का लागि तपशिल बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गर्ने निर्णय गरियो ।

- ✓ मेडिकल अधिकृत - नेपाल सरकारल अधिकृतस्तर आठौंलाई तोकेको तलव र कार्यपालिकाले तोकेको प्रोत्साहन भत्ता, चाडपर्व खर्च , पोशाक सुविधा ,आवास सुविधा र अन्य सुविधा
- ✓ अधिकृतस्तर छैठौं र सातौंस्तर - नेपाल सरकारले उक्त स्तरलाई तोकेको तलव,चाडपर्व खर्च र पोशाक सुविधा
- ✓ सहायकस्तर पाँचौस्तर -मासिक रु २८०००।- तलव,चाडपर्व खर्च र पोशाक सुविधा
- ✓ सहायकस्तर चौंथोस्तर - मासिक रु २२०००।- तलव,चाडपर्व खर्च र पोशाक सुविधा
- ✓ कार्यालय सहयोगी - मासिक रु १८०००।- तलव,चाडपर्व खर्च र पोशाक सुविधा
- ✓ गाउँप्रहरी सहायक प्रहरी निरीक्षक - मासिक रु २२०००।-तलव,चाडपर्व खर्च,पोशाक सुविधा र रु ५०००।-मासिक राशनभत्ता
- ✓ गाउँप्रहरी हवलदार - मासिक रु २०,०००।-तलव,आवास सुविधा,चाडपर्व खर्च,पोशाक सुविधा र रु ५०००।-मासिक राशनभत्ता

दुर्गा बहादुर ...
गाउँपालिका अध्यक्ष

- ✓ गाउँप्रहरी जवान – मासिक रु १८,०००।- तलव,आवास सुविधा,चाडपर्व खर्च,पोशाक सुविधा र रु ५०००।- मासिक राशन भत्ता
- ✓ एम्बुलेन्स चालकहरु - मासिक रु २०,०००।-तलव,आवास सुविधा,चाडपर्व खर्च,पोशाक सुविधा र कार्यपालिकाले तोकेको प्रोत्साहन भत्ता
- ✓ ट्र्याक्टर चालक - मासिक रु २०,०००।- तलव,चाडपर्व खर्च,पोशाक सुविधा र कार्यपालिकाले तोकेको प्रोत्साहन भत्ता
- ✓ ब्याक्वोलोडर अप्रेटर -मासिक रु १५,०००।- तलव,आवास सुविधा,चाडपर्व खर्च,पोशाक सुविधा र कार्यपालिकाले तोकेको प्रोत्साहन भत्ता
- ✓ ब्याक्वोलोडर हेल्पर - मासिक रु ५,०००।-तलव,आवास सुविधा,चाडपर्व खर्च,पोशाक सुविधा र कार्यपालिकाले तोकेको प्रोत्साहन भत्ता
- ✓ २४ घण्टे अनमीहरु - मासिक रु २५,०००।-तलव,चाडपर्व खर्च र पोशाक सुविधा -गत आवमा २४ घण्टेका रुपमा कार्यरतहरु मात्र)
- ✓ गाउँपालिकाको स्कारपियो चलाउने चालक - नेपाल सरकारले हलुका सवारी चालक प्रथम स्तरलाई तोकेको तलव,चाडपर्व खर्च ,आवास सुविधा र पोशाक सुविधा
- ✓ खानेपानी तथा सरसफाइ सहयोगी - मासिक रु १०,०००।- तलव,चाडपर्व खर्च र पोशाक सुविधा
- ✓ हस्तान्तरीत कार्यक्रमका करार कर्मचारीको हकमा कार्यक्रममा तोके अनुसारको तलव र अन्य सुविधा
- ✓ एम.आइ.एस अप्रेटर,फिल्ड सहायक,सुचना प्रविधि अधिकृत र एक गाउँ एक प्राविधिकहरुकाहकमा यस पालिकाको प्रतिवद्धता अनुसारको रकमथप गरी कार्यक्रमले तोके अनुसार तलव,चाडपर्व र पोशाक सुविधा
- ✓ लघु उद्धम विकास कार्यक्रमका सहजकर्ताहरुको हकमा बिद्यमान र कार्याक्रमको वजेट तथा कार्यबिधिले तोके अनुसार हुन आउने पारिश्रमिक नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक भन्दा कम हुने हुँदा कार्यविधि संशोधन भएमा सोही अनुसार र नभएमा करार सहायकस्तर चौथो सरहको तलव र सेवा सुविधा दिने
- ✓ अन्यको हकमा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ

६.शिक्षण सिकाई सहजीकरणका लागि पालिकाबाट विद्यालयमा नियुक्त गरिएका पालिका अनुदानका शिक्षक तथा कर्मचारीहरुलाई आगामी आ.व. २०८०/०८१ देखी लागु हुने गरि सम्वन्धीत विद्यालयहरुलाई हस्तान्तरण गर्ने ,अब उप्रान्त करार म्याद थप ,नयाँ नियुक्ती लगाएतका बिषयमा सम्बन्धित विद्यालयले नै गर्ने र पालिकाले नियमानुसार साझेदारी गर्न प्रतिबदता जनाएका कार्यालय सहयोगी,लेखापाल , वाल विकास सहजकर्ता र सामुदायीक अध्ययन केन्द्रका परीचालीकालाई गत बर्ष अनुसारकै रकम साझेदारी गर्ने तथा अन्यको हकमा यो बर्ष गत आवको तलव भत्ता बापत निकासा भएको रकम नघटने गरी र त्यसपछिका बर्षमा बिद्यालयको दरवन्दी संख्या,बिध्यार्थी संख्या,आयस्रोत लगायतका आधारमा एक मापदण्ड वनाएर सिधै शिक्षण सिकाइ अनुदान सम्वन्धीत विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

७.संघिय शिक्षण सिकाइ अनुदान अन्तर्गतको मा.वि कक्षा(९-१०) र आ.वि कक्षा (६-८) को हकमा प्राप्त वजेट अनुसार गाउँ शिक्षा समितिको २०८०।०३।१० को निर्णयानुसार विद्यालयहरुमा अनुदान उपलब्ध गराउने ।

८. चालु आ.व. को वार्षिक स्विकृत कार्यक्रम अनुसार संझौता भई सम्पन्न भई सकेका र आर्थिक वर्षका अन्त्यतिर समानीकरण अनुदानतर्फको केही वजेट कटौती भई भुक्तानी दिन वाँकी रहेको (अनुसुचि

दुर्गा बहादुर ...
गाउँपालिका अध्यक्ष

८ अनुसारको रकम आगामी आ.व.२०८०/०८१ को वजेटवाट भुक्तानी हुने गरि दायित्व सिर्जना गर्ने निर्णय गरियो ।

९. कपुरकोट गाउँपालिकाका लेखापाल विष्णु आचार्यवाट चालु आ.व. को हाल सम्मको आय व्यय विवरणलाई सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

१०. तपशिलका बिविध निर्णयहरु सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

क) आगामी आ.व.मा यस गाउँपालिकामा हुन सक्ने सम्भावित विपदका घटनाहंरुलाई ध्यानमा राखि समयमै विपदप्रतिकार्य योजना अनुसार गाउँप्रहरी वेललाई तयारी अवस्थामा रहन निर्देशन गर्ने ।

ख) कपुरकोट क्षेत्र भएर जाने राप्ती लोकमार्ग र कपुरकोट कोईला सडकको अवस्था ,अत्यन्तै नाजुक रहेको र जसका कारण यात्रुहरुलाई ठूलो सास्ती हुनुका साथै सडक दुर्घटना दिनानु दिन वढदै गएकोले उक्त सडकहरुको यथाशिघ्र स्तरोन्नति र सुधारका लागि नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयलाई विशेष अनुरोध गर्ने ।

ग) प्रदेश सरकारले कपुरकोटमा स्थापना गर्न लागेको विषादी परिक्षण प्रयोगशाला लामो समय भई सक्दा पनि संचालनमा आउन नसकेको र यस क्षेमा उत्पादीत तरकारी खेतीमा प्रयोग भई राखेको विषादीको मापन समेत हुन नसकेकोले प्रयोगशालाको यथासिघ्र संचालन गर्नका लागि कर्णाली प्रदेश भुमि व्यबस्था,कृषि तथा सहकारी मन्त्रालय समक्ष माग गर्ने ।

घ) कपुरकोट गाउँपालिकाले आगामी आ.व.२०८०।८१ देखी लागु हुने गरि न्यूनतम समर्थन मुल्यकोष स्थापना गर्न लागेको हुँदा उक्त कोषमा सहयोग पुग्ने गरि प्रदेश र संघिय सरकारवाट थप अनुदान रकमका लागि माग गर्ने ।

ङ) नेपाल सरकारवाट कृषि कार्यका लागि अनुदानमा प्राप्तहुने रासायनिक मल आवश्यक्ता भन्दा धेरै न्युन मात्रामा आउने गरेको र व्यावसायिक रुपमा हुने तरकारी खेती लगाएत अन्य कृषि वालीका लागि मल प्रयाप्त हुन नसकेको हुँदा यस गाउँपालिकालाई प्राप्त हुने अनुदानको रासायनिक मलको कोटा बढाउन प्रदेश भुमि व्यबस्था,कृषि तथा सहकारी मन्त्रालय समक्ष माग गर्ने ।

च) कपुरकोट कर्णाली प्रदेशको पूर्वि प्रवेश द्वार भएको र यस क्षेत्रको शान्ती सुरक्षालाई समेत मध्यनजर गर्दा यहाँ रहेको प्रहरी चौकीलाई ईलाका प्रहरी कार्यालयका रुपमा स्तरवृद्धि गर्न आवश्यक भएकाले त्यसका लागि आबश्यक जग्गा र भवन निर्माणका लागि सम्वन्धित पक्षसंग पहल गर्ने ।

दुर्गा बहादुर ... 
गाउँपालिका अध्यक्ष

छ) यस कपुरकोट गाउँपालिकामा रहेका जग्गाको पुन:मुल्यांकन गर्न आवश्यक भएकोले आगामी आ.व. का लागि चालु आ.व. मा भएको जग्गाको मुल्यांकनमा १५ % ले वृद्धि गरि सोहीअनुसार कार्यान्वयनका लागि मालपोत कार्यालय सल्यानलाई सिफारिस गर्ने ।

ज) गाउँपालिकाले आ.व २०८०।०८१ लाई कपुरकोट जागरण अभियान वर्षको रुपमा मनाउने र सो अन्तर्गत सामाजीक जागरण, शैक्षिक जागरण, साँस्कृतिक जागरण, श्रम संस्कृति, सकारात्मक सोच लगाएत विभिन्न अभियानहरु चलाउने ।

झ) गाउँसभाको १२ औं अधिवेशन पश्चात गाउँकार्यपालिका, विषयगत समितिहरु, न्यायीक समिति, अनुममन समिति, शिक्षा समिति, योजना जाँचपास तथा फरफारक समिति लगायत गाउँ सभा मातहतका निकायबाट भएका सबै निर्णय तथा कार्यहरु एकमुष्ट अनुमोदन गर्ने ।

ञ) यस गाउँपालिकाको उज्यालो कपुरकोट अभियानलाई सफल वनाउन पूर्ण विद्युतिकरण अभियान अन्तर्गत गाउँपालिकासंग साझेदारी गरि अभियानलाई सहयोग गर्ने नेपाल विद्युत प्राधिकरण लगायतका निकाय र सम्वद्ध सबैलाई हार्दिक धन्यवाद दिने ।

ट)यस गाउँपालिकाको आयोजनामा मिति २०८०।०१।२७ गते भएको बृहत बहुपक्षिय कृषि अन्तरकृयाबाट पारित १२ बुँदे प्रतिबदतापत्रलाई मुख्य उपलब्धिका रुपमा लिदै यसको सफल कार्यान्वयनका लागि पुर्ण प्रतिबदता ब्यक्त गर्दै सरोकारवालाहरु सबैलाई समेत उक्त प्रतिवदता पत्रको कार्यान्वयनको लागि आव्हान गर्ने ।

दुर्गा बहादुर पुन
गाउँपालिका अध्यक्ष